# नेपाल धितोपत्र बोर्ड समाचार

अङ्क-१४ (मंसिर-पुष २०७४)

## मानानीय न्यायधिश तथा कानुन व्यवसायीको उपस्थितिमा धितोपत्र बजार नियमन तथा कानुनी व्यवस्था विषयक अर्न्तक्रिया कार्यक्रम (२०७४।०९।२८)




*धितोपत्र बजार नियमन तथा कानुनी व्यवस्था विषयक अर्न्तक्रिया कार्यक्रममा बोल्दै बोर्ड अध्यक्ष डा.कार्की*

नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लि. (नेप्से) तथा काठमाडौं जिल्ला अदालत बार एशोसिएशनको सहकार्यमा मिति २०७४।०९।२८ मा धितोपत्र बजार नियमन तथा कानुनी व्यवस्थासम्बन्धी अन्तक्रिया कार्यक्रम सम्पन्न भयो । धितोपत्र बजार सम्बन्धी विषय प्राविधिक तथा संवेदनशील भएकोले यसको नियमन तथा कानुनी व्यवस्थाका विषयमा माननीय न्यायधिश, कानुनविद् तथा कानुन व्यवसायीसँग अर्न्तक्रिया गर्ने उद्देश्यले उक्त कार्यक्रमको आयोजना गरिएको हो । कार्यक्रममा काठमाडौं जिल्ला अदालत बार एशोसिएशनका उपाध्यक्ष मदन रेग्मीले स्वागत मन्तव्य दिदै नेपाल धितोपत्र बोर्डलाई जिल्ला अदालत सरह अधिकार दिइएमा धितोपत्र बजारसम्बन्धी धेरै मुद्दाहरु बोर्डबाटै निरुपण हुनसक्ने धारणा राख्नु भयो । कार्यक्रमका प्रमुख अतिथी सर्वोच्च अदालतका बरिष्टतम माननीय न्यायधिश श्री दीपकराज जोशीले कार्यक्रमलाई सम्बोधन गर्दै बाणिज्य सम्बन्धी केही ऐन नियमहरुमा समेत माननीय न्यायधिशहरु स्पष्ट हुन नसकेकोले मुद्दाका दुवै पक्षहरु उपस्थित भएपछि मात्र मुद्दा अगाडि बढाउने गरिएको जानकारी दिदै यस सम्बन्धमा कानुन व्यवसायीहरु थप अध्ययनशील हुनुपर्ने बताउँदै यसप्रकारका छलफल कार्यक्रम निकै सार्न्दभिक हुने बताउनु भयो ।

उक्त कार्यक्रममा बोर्डका कार्यकारी निर्देशक श्री परीष्ट नाथ पौड्यालले धितोपत्र बजारको वर्तमान अवस्था र भावी कार्यक्रमको बारेमा जानकारी दिनुभयो भने बोर्डका निर्देशक श्री मुक्तिनाथ श्रेष्ठले धितोपत्र बोर्ड सम्बन्धी कानुनी व्यवस्था तथा समस्याहरु विषयमा प्रस्तुतीकरण दिनुभएको थियो । त्यस्तै, नेप्सेका उप प्रबन्धक श्री निरञ्जन फुँयालले धितोपत्र बजारसम्बन्धी मुद्दामामिलामा अदालतबाट हुने फैसला तथा फैसलाबाट बजारमा पर्ने व्यवहारिक कठिनाई सहित धितोपत्रको दोस्रो बजार, नेप्से, सिडिएसको बारेमा प्रस्तुतीकरण गर्नुभएको थियो ।

कार्यक्रममा विशिष्ट अतिथी सर्वोच्च अदालतका माननीय न्यायधिश श्री अनिल कुमार सिन्हाले धितोपत्र बजारमा हालसालै भएका सुधारहरुले लगानीकर्ताले यसतर्फ शंका गर्ने ठाउँ नरहेको बताउनुभयो भने विषेश अदालतका अध्यक्ष श्री बावुराम रेग्मीले कार्यक्रम निकै समसामयिक रहेको, हाल भएको सुधारले प्राथमिक बजारमा हुने सेयर खरिद बिक्री कार्य स्वच्छ

यस भित्र

- धितोपत्र सम्बन्धी कानुन प्रवलीकरणमा जोड पृ. २
- धितोपत्र बजारमा भएका सुधार तथा विकासहरु पृ. ६
- धितोपत्र बजारको स्थिति पृ. ५
- छलफल तथा अर्न्तक्रिया पृ. ७

एवं सहज भएको र मुद्दा चलाउन तथा जरीवाना समेत तोक्न सक्ने बोर्ड सक्षम तथा स्वायत्त दुवै हुनुपर्ने धारणा राख्नु भयो । उच्च अदालत पाटनका माननीय मुख्य न्यायधिश श्री प्रकाश कुमार ढुङ्गानाले सम्बन्धित नियमन निकायले रु.५ करोडसम्म जरीवाना तोक्न सक्ने भएकोले यसको गहनता निकै बढी देखिएको, धितोपत्र बजार तथा वित्तीय क्षेत्रसम्बन्धी मुद्दा मामिला सम्बन्धमा विभिन्न समस्याहरु रहेकोले यस्ता छलफल कार्यक्रम निरन्तररुपमा भएमा अदालतमा विचाराधिन मुद्दा किनारा गर्न सहज हुने भएकोले आगामी दिनमा विषयगतरुपमा यस्तो छलफल कार्य अगाडि बढाउनुपर्ने धारणा राख्नु भयो ।

कार्यक्रमका विशेष अतिथी बोर्ड अध्यक्ष डा. रेवत बहादुर कार्कीले बोर्डले हालसालै बजारको सुधार तथा विकास कार्यलाई द्रुतरुपमा अगाडि बढाई पूर्णरुपमा अभौतीकृत कारोवारको व्यवस्था, धितोपत्रको प्राथमिक बजारमा देशव्यापी पहुँचको व्यवस्था तथा धितोपत्र बजारसम्बन्धी नियमन निकायहरुको अन्तर्राष्ट्रिय संस्था IOSCO को सदस्यता प्राप्त गर्नुका साथै धितोपत्र बजारमा भएका पछिल्ला सुधार कार्यहरुबाट बजार स्वच्छ एवं पारदर्शी भई बोर्डप्रति सम्बद्ध पक्षको विश्वास बढेकोले धितोपत्र बजारसम्बन्धी गुनासाहरु बोर्डमा नै पेश भै सो को बोर्डबाट छानविन गरी समाधान हुने गरेकोले अदालतमा बजारसम्बन्धी मुद्दाममिलामा कमी हुँदै गएको बताउनु भयो । कार्यक्रममा उठेका जिज्ञासाहरु सम्बोधन गर्ने क्रममा बोर्ड अध्यक्ष डा.कार्कीले बोर्डले हालसालै अन्य सुधारका अतिरिक्त कानुन प्रवलीकरणमा जोड दिएको, धितोपत्र दलाल व्यवसायीहरुलाई व्यवस्थितरुपमा ग्राहकको पहिचान (Know Your Customer (KYC) राख्न लगाएको, बहुडिम्याट खातालाई दुईवटामा झार्न आवश्यक कार्य अगाडि बढाएको बताउनु भयो । मन्तव्यको क्रममा नेपाल बार एशोसियशनका उपाध्यक्ष उषा मल्ल पाठकले कार्यक्रम निकै सान्दर्भिक रहेकोले यस्ता कार्यक्रमहरुलाई आगामी दिनमा निरन्तरता दिनुपर्ने विचार व्यक्त गर्नु भयो ।

कार्यक्रमको अन्त्यमा काठमाडौं जिल्ला अदालत बार एशोसियनका अध्यक्ष तथा कार्यक्रमका सभापति श्री लक्ष्मण थपलियाले समापन मन्तव्य दिदै यस कार्यक्रमलाई शुरुवातको रुपमा लिई यस्ता कार्यक्रमलाई आउदा दिनमा निरन्तरता दिनुपर्ने बताउनु भयो । उच्च अदालत पाटनका मुख्य न्यायधिश, विशेष अदालतका अध्यक्ष, जिल्ला अदालतका न्यायधिशहरु, काठमाडौं जिल्ला अदालत बार एशोसिएशन तथा नेपाल बार एशोसियशनका उच्च पदाधिकारीहरु, कानुन व्यवसायीहरु, नेप्से तथा सिडिएसका पदाधिकारीहरु र बोर्डका पदाधिकारीहरु लगायत कुल १२९ जनाको सहभागीता रहेको उक्त कार्यक्रममा बोर्डका कार्यकारी निर्देशक श्री निरज गिरीले उपस्थित सबैलाई धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा पनि बोर्डले यस प्रकारको कार्यक्रम आयोजना गर्ने बताउनु भयो । उक्त कार्यक्रमको संचालन काठमाडौं जिल्ला अदालत बार एशोसियसनका सचिव श्री रामचन्द्र कार्कीले गर्नु भएको थियो ।

## धितोपत्र सम्बन्धी कानुन प्रवलीकरणमा जोड

### नक्कली सेयर कारोवार विषयमा धितोपत्र दलाल व्यवसायीलाई कारवाही (२०७४।०९।२१)

बोर्डले आफ्नो अर्धन्यायिक अधिकारको प्रयोग गर्दै धितोपत्र बजारलाई स्वस्थ र पारदर्शी बनाउनका लागि जलविद्युत समूहका केही सूचिकृत कम्पनीको नक्कली सेयर कारोवार भएको सम्बन्धमा तहकिकात गरी तहकिकात प्रतिवेदन अनुसार २०७४।०९।२१ मा देहाय बमोजिमका धितोपत्र दलाल व्यवसायी, दलाल कम्पनीका सम्बन्धित कार्यकारी प्रमुखहरुलाई सम्पत्ति शुद्धीकरण निवारण ऐन तथा धितोपत्र सम्बन्धी ऐन अनुसार कारवाही गरेको छः

- चिलिमे हाइड्रोपावर कम्पनी लि.को नक्कली सेयर खरिद बिक्री भएको सम्बन्धमा सेयर कारोवारको शिलशिलामा कुनै व्यक्ति वा संस्थासँग व्यवसायिक सम्बन्ध कायम गर्दा ग्राहकको स्पष्ट पहिचान खुल्ने कागजात तथा विवरण लिई सोको अभिलेख राख्नुपर्नेमा नराखेको, सम्पत्ति शुद्धीकरण निवारण ऐन, सो अर्न्तगत जारी भएका नियम, निर्देशन, आदेश, परिपत्र तथा सम्बद्ध अन्य कानुन बमोजिम संस्थालाई तोकिएको कार्यहरु गर्ने गराउनु पर्ने तथा कानुनी दस्तावेजमा उल्लेख भए बमोजिम ग्राहकको पहिचान यकिन गर्नु गराउनु पर्नेमा सो नगरेको तथा ग्राहकको पहिचानको अभिलेख दुरुस्त राख्ने, राख्न लगाउने व्यवस्था बमोजिमको कार्य नगरेको साथै सरल वा बृहद ग्राहक पहिचान, प्रविधिको दुरुपयोगमा नियन्त्रण, अनुगमन सम्बन्धको समाप्ति लगायतका सम्बन्धित अन्य विषयमा आन्तरिक नीति तथा कार्यविधि बनाई लागू गर्नुपर्नेमा सो नगरेकोले सम्पत्ति शुद्धीकरण तथा आतंककारी कृयाकलापमा वित्तीय लगानी निवारण निर्देशिका, २०६९ को बर्खिलाप कार्य भएबाट सम्पत्ति शुद्धीकरण सम्बन्धी ऐनको दफा ७फ. को उपदफा (१) को खण्ड (ख) को व्यवस्था उल्लंघन गरेकोले बोर्डले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ (दोस्रो संशोधन सहित) को दफा ७फ. को खण्ड (ख) बमोजिम अग्रवाल सेक्युरिटिज प्रा.लि.लाई रु. १० लाख जरिवाना गरिएको छ ।
- नेशनल हाइड्रोपावर कम्पनी लि.को नक्कली सेयर कारोबार भएको सम्बन्धमा सेयर कारोवार गर्दा ग्राहकको स्पष्ट पहिचान कायम हुने गरी विवरण राख्नुपर्नेमा सो नराख्नुका साथै सम्पत्ति शुद्धीकरण निवारण ऐन, सो अर्न्तगत जारी भएका नियम, निर्देशन, आदेश, परिपत्र तथा सम्बद्ध अन्य कानुन बमोजिम संस्थालाई तोकिएको कार्यहरु गर्नु गराउनु पर्नेमा सो नगरेको, ग्राहकको पहिचान यकिन गर्ने गराउने र अभिलेख दुरुस्त राख्न लगाउने कार्य नगरेको, सरल वा बृहद ग्राहक पहिचान, प्रविधिको दुरुपयोगमा नियन्त्रण, अनुगमन, सम्बन्धको समाप्ति लगायतका सम्बन्धित अन्य विषयमा आन्तरिक नीति तथा कार्यविधि बनाई लागू गर्नुपर्नेमा सो कार्य नगरेबाट सम्पत्ति शुद्धीकरण तथा आतंककारी कृयाकलापमा वित्तीय लगानी निवारण निर्देशिका, २०६९ को दफा ४, दफा १८ र दफा १९ को बर्खिलाप कार्य गरेकोले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ (दोस्रो संशोधन सहित) को दफा ७फ. को खण्ड (ख) बमोजिम धितोपत्र दलाल व्यवसायी श्रीहरि सेक्युरिटिज प्रा.लि.लाई रु.१० लाख जरिवाना गरिएको छ ।
- धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) नियमावली, २०६४ को नियम २९ को उपनियम (१) मा रहेको धितोपत्र दलालले ग्राहकको लागि कारोबार गर्नु अघि व्यक्ति वा संस्थागत ग्राहकको क्रमशः अनुसूची-१२ र अनुसूची-१३ बमोजिमको ढाँचामा पूर्ण विवरण सहितको अभिलेख राख्नुपर्नेछ भन्ने व्यवस्था बमोजिम ग्राहकको पूर्ण विवरण सहितको अभिलेख नराखी उक्त व्यवस्थाहरुको पालना नगरेकोले धितोपत्र दलाल कम्पनी श्रीहरि सेक्युरिटिज प्रा. लि. र अग्रवाल सेक्यूरिटिज प्रा.लि. लाई धितोपत्र

सम्बन्धी ऐन, २०६३ को दफा १०१ को उपदफा (४) बमोजिम प्रत्येक कम्पनीलाई रु.५० हजार जरिवाना गरिएको छ ।

- धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा १०१ को उपदफा (४) बमोजिम कसैले जानीजानी वा बदनीयत साथ यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम वा विनियम बमोजिम राख्नु, बनाउनु, तयार गर्नु वा पेश गर्नु पर्ने हिसाब किताब, खाता, विवरण, प्रतिवेदन, सूचना, जानकारी वा यस्तै अन्य कुनै कागजात सो राख्नु, बनाउनु, तयार गर्नु वा पेश गर्नु पर्ने समयमा पेश नगरेमा, नराखेमा वा नबनाएमा वा तयार नगरेमा वा झुट्टा विवरण वा कागजात बनाएमा वा राखेमा, तयार गरेमा त्यस्तो गर्नेलाइ बोर्डले ५० हजार रुपैयाँदेखि दुई लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ भन्ने व्यवस्था रहेकोले श्रीहरि सेक्युरिटिज तथा अग्रवाल सेक्यूरिटिजका सम्बन्धित कार्यकारी प्रमुखलाई धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा १०१ को उपदफा (४) बमोजिम प्रत्येकलाई रु. ५० हजार जरिवाना गरिएको छ ।
- साथै, सिप्रवी सेक्यूरिटिज प्रा.लि.तथा सोका सम्बन्धित कार्यकारी प्रमुखले यस्तो कारोवार सम्बन्धमा शुरुवाती जानकारी पाई यस घटनालाई उजागर गरी बजारमा हुने थप क्षतिलाई न्यूनिकरण गर्न सहयोग गरेको अवस्था समेतलाई दृष्टिगत गरी धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) नियमावली, २०६४ को नियम २९ को उपनियम (१) मा रहेको धितोपत्र दलालले ग्राहकको लागि कारोबार गर्नु अघि व्यक्ति वा संस्थागत ग्राहकको क्रमश: अनुसूची-१२ र अनुसूची-१३ बमोजिमको ढाँचामा पूर्ण विवरण सहितको अभिलेख राख्नुपर्नेछ भन्ने व्यवस्था बमोजिम ग्राहकको पूर्ण विवरण सहितको अभिलेख राख्न ध्यान नपुर्‍याएकोले संस्थालाई धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा १०१ को उपदफा (४) बमोजिम रु. ५० हजार जरिवाना गर्नुका साथै उक्त ऐनको उपदफा (४) बमोजिमको अवस्थाको पालनामा पर्याप्त ध्यान नदिएकोले संस्थाका सम्बन्धित कार्यकारी प्रमुखलाई नेपाल धितोपत्र बोर्ड सम्बन्धी नियमावली, २०६४ को नियम २८ को खण्ड (क) बमोजिम सचेत गराएको छ ।

साथै, चिलिमे जलविद्युत कम्पनी लि., नेशनल हाइड्रोपावर कम्पनी लि. तथा सानिमा माई हाइड्रोपावर कम्पनी लि. को नक्कली सेयर कारोबार भएको सम्बन्धमा बोर्डबाट तहकिकात भै तहकिकात प्रतिवेदन अनुसार श्री जिल्ला सरकारी वकिलको कार्यालय, काठमाडौंको स्वीकृतिमा नेपाल धितोपत्र बोर्डका तहकिकात अधिकारीबाट गोविन्द घिमिरे विरुद्ध काठमाडौं जिल्ला अदालतमा मिति २०७४।०३।२३ मा मुद्दा दायर गरिएको छ ।

## व्यवसायिक आचारण पालना नगर्ने एक धितोपत्र दलाल व्यवसायीलाई आर्थिक जरिवाना

बोर्डले व्यवसायिक आचरण पालना नगरेकोले धितोपत्र दलाल व्यवसायी प्रज्ञान सेक्यूरिटिज प्रा.लि.लाई धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम मिति २०७४।०९।१४ मा आर्थिक जरिवाना गरेको छ । धितोपत्र दलाल व्यवसायी प्रज्ञान सेक्यूरिटिज प्रा.लि. ले २०७३ चैत्रदेखि विराटनगरमा शाखा कार्यालय स्थापना गरी उक्त शाखाबाट समेत कारोवार गर्दै आइरहेकोमा उक्त शाखाका शाखा प्रमुखले मिति २०७४।०२।०४ मा हुने सिभिल बैंकको साधारण सभा अगावै भाइवर म्यासेजमा ग्रुप बनाएर सेयर किन्नुहोस्, ४० प्रतिशत हकप्रद आउने भएको छ, राम्रो फाईदा हुन्छ, फाईदा गराउने जिम्मा हाम्रो भन्ने आशयको जानकारी पठाएको देखिएको सम्बन्धमा बोर्डमा उजुरी परी बोर्डबाट सो सम्बन्धमा छानविन गरिएको थियो । धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ७६ बमोजिम धितोपत्र व्यवसाय संचालन गर्ने संस्थाले आफ्नो व्यवसायलाई स्वच्छ र उच्चस्तरीय राख्ने, उचित सीप, होसियारी र मेहनतका साथ धितोपत्र व्यवसाय गर्ने, धितोपत्र बजारको उच्च मर्यादा कायम राख्ने, धितोपत्र व्यवसायसँग सम्बन्धित अभिलेखहरु राम्रोसँग राख्ने, धितोपत्र व्यवसाय संचालन गर्ने सम्बन्धमा दक्ष जनशक्ति तयार गर्नको लागि कर्मचारीलाई आवश्यक तालिमको व्यवस्था गर्ने जस्ता कार्य गरी व्यवसायिक स्तर कायम गर्नुपर्नेमा बोर्डको छानविनबाट उक्त संस्थाले आफ्नो शाखा कार्यालयको कामकारवाहीलाई सूक्ष्म रुपमा अनुगमन नगरी व्यवसायिक आचरण कायम गराउन नसकेको र संस्थाले व्यवसायिक स्तर कायम गरेको नदेखिएकोले धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा १०१ को उपदफा (७) बमोजिम बोर्डबाट धितोपत्र दलाल व्यवसायी प्रज्ञान सेक्यूरिटिज प्रा.लि.लाई रु.७५ हजार आर्थिक जरिवाना गरिएको छ ।

## वस्तु विनिमय वजार नियमावली लागू (२०७४।०८।०९)

विगत करिब १० वर्षदेखि बिना नियमन सञ्चालन भैरहेको वस्तु विनिमय वजारको विकास तथा सञ्चालन, लगानीकर्ताको हित संरक्षण, वस्तुको कारोवार, राफसाफ तथा फछ्र्यौट र वेयर हाउस सञ्चालन सम्बन्धी व्यवसायलाई नियमन गर्न नेपाल सरकारले वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४ मिति २०७४।०५।११ देखि लागू गरेको पृष्ठभूमिमा उक्त ऐनको कार्यान्वयनको लागि ऐन प्रमाणिकरण भएको ९१ औं दिन अर्थात मिति २०७४।०८।०९ देखि लागू हुने गरी नेपाल सरकारको स्वीकृतिमा वोर्डले वस्तु विनिमय वजार सम्बन्धी नियमावली, २०७४ जारी गरेको छ । यस सँगै धितोपत्र बजारका साथै वस्तु विनिमय बजारको समेत विकास, विस्तार र नियमन गर्ने जिम्मेवारी बोर्डमा आएको छ ।

### वस्तु विनिमय बजार नियमावली, २०७४ का प्रमुख विशेषताहरू:

१. वस्तु विनिमय बजार सञ्चालन गर्न कम्पनी संस्थापना गर्नु अघि संभाव्यता अध्ययन प्रतिवेदन, लगानीको स्रोत, सेयर स्वामित्व सम्बन्धी विवरण तथा वस्तुको विद्युतीय कारोबार प्रणालीको सुरक्षाका लागि व्यवस्था लगायतका विवरण सहित बोर्डमा पूर्व स्वीकृतिको लागि निवेदन पेश गर्नुपर्ने,

२. पूर्व स्वीकृतिका लागि प्राप्त निवेदन उपर बोर्डले अध्ययन गरी सहमति प्रदान गर्न सक्ने र सहमति प्राप्त संस्थाले अनुमतिको लागि निवेदन पेश गरी अनुमति प्राप्त गरेको १ सय ८० दिन भित्र निवेदक संस्थाले न्यूनतम पूर्वाधार तयार गर्नुपर्ने,

३. बोर्डबाट अनुमतिपत्र लिएर मात्र वस्तु विनिमय बजार सम्बन्धी कार्य गर्न पाइने,

४. न्यूनतम चुक्ता पुँजी सम्बन्धी व्यवस्था निम्नानुसारको हुनुपर्ने:

| व्यवसाय | चुक्ता पुंजी |
|---|---|
| वस्तु विनिमय बजार | रु. ५० करोड |
| वेयर हाउस | रु. १५ करोड |
| राफसाफ तथा फछ्र्यौट | रु. ७ करोड |
| लगानी व्यवस्थापक | रु. ५ करोड |
| लगानी परामर्शदाता | रु. १ करोड |
| वस्तु कारोवार दलाल | रु. ५० लाख |

५. देशको समग्र आर्थिक अवस्था तथा आर्थिक क्रियाकलापको आधार, लगानीकर्ताको हित संरक्षण, वस्तु विनिमय बजार सञ्चालन गर्न आवश्यक स्रोत/साधन र प्रतिस्पर्धालाई दृष्टिगत गरी वस्तु विनिमय वजारलाई अनुमति दिने,

६. कसैले पनि वस्तु विनिमय बजारको कुल सेयर पुँजीको ५ प्रतिशत भन्दा बढी सेयर स्वामित्व ग्रहण गर्न नपाउने,

७. वस्तु विनिमय बजारको अनुमति लिएको तीन वर्षसम्म सेयर बिक्री गर्न नपाइने र त्यसपश्चात् सेयर स्वामित्व लिएको व्यक्तिले सेयर हस्तान्तरण गर्न चाहेमा बोर्डको पूर्व स्वीकृति लिनुपर्ने,

८. ऐन तथा नियमावलीले तोकेको योग्यता पूरा गरेको व्यक्ति वा संस्थाले मात्र सेयर स्वामित्व लिन सक्ने,

९. विदेशी संस्थाले रणनीतिक साझेदारको रुपमा बजारको कुल सेयर पुँजीको बढीमा ५१ प्रतिशतसम्म सेयर स्वामित्व ग्रहण गर्न सक्ने । त्यस्तो स्वामित्व ग्रहण गर्ने विदेशी रणनीतिक साझेदारसँग वस्तु विनिमय बजार सम्बन्धी व्यवसाय सञ्चालन गरेको न्यूनतम तीन वर्षको अनुभव हुनुपर्ने,

१०. कारोवार गर्न सकिने वस्तुहरुको सूचि निम्न बमोजिम हुने र बोर्डले आवश्यकता अनुसार थप गर्न सक्ने,

| क्र.सं. | वस्तु | प्रकार |
|---|---|---|
| १ | कृषिजन्य उत्पादन | कपास, अलैंची, जिरा, खुर्सानी, मरिच, काजु, सुपारी, दलहन, मकै, गहुँ, धान, आलु, मेथी, तोरी, भटमास, आलस, फापर, उखु, सूर्ति, जूट, अदुवा, बेसार, फलफुल तथा सोबाट निर्मित जुस |
| २ | धातुजन्य वस्तु | आल्मुनियम, तामा, शिशा, निकल, टिन, पित्तल, फलाम, स्टिल, जिंक |
| ३ | बहुमूल्य धातु | सुन, चाँदी, प्लाटिनम |
| ४ | खनिज तैलजन्य वस्तु | कच्चा तेल, पेट्रोलियन पदार्थ, प्राकृतिक ग्यास, हिटिङ्ग आयल |
| ५ | तेल | नरिवलको तेल, पाम तेल, तोरीको तेल, भटमासको तेल, सूर्यमुखी तेल, आलसको तेल |
| ६ | अन्य | चिनी, सख्खर, चिया, कफी, अण्डा, जडिबुटी |

११. कारोवारपूर्व वस्तु करार तयार गरी बोर्डमा दर्ता गर्नुपर्ने,

१२. वस्तु विनिमय बजारले कारोबार शुरु गरेको वा स्थगन गरेको जानकारी लगानीकर्तालाई दिनुपर्ने,

१३. बजार, व्यवसायीले विद्युतीय रुपमा कारोबार गर्न सकिने गरी स्वचालित कारोवार प्रणाली स्थापना गर्नुपर्ने,

१४. व्यवसायीले ग्राहकको स्पष्ट पहिचान हुने विवरण (KYC) सहितको अभिलेख राख्नु पर्ने,

१५. अनुमतिपत्र प्राप्त संस्थाले वार्षिक, अर्धवार्षिक तथा त्रैमासिक रुपमा विवरण पेश गर्नुपर्ने,

१६. बोर्डले नियमित रुपमा सुपरिवेक्षण तथा अनुगमन गर्ने,

१७. वस्तु विनिमय बजारले लगानीकर्ता संरक्षण कोष र सेटलमेन्ट ग्यारेन्टी फण्ड स्थापना गर्नुपर्ने,

१८. ऐन, नियमावली तथा बोर्डले दिएको निर्देशन पालना नगरेमा, कारोवार रोक, अनुमतिपत्र निलम्वन, खारेजी, विगो बमोजिम वा रु १० लाख सम्म जरिवाना वा ५ वर्ष सम्म कैद हुन सक्ने ।

वस्तु विनिमय बजार नियमावली, २०७४ लागू भई कार्यान्वयनमा आएपश्चात् नेपालको वस्तु विनिमय बजार स्पष्ट नियमनको दायरा भित्र पर्ने र बजार नियमित, व्यवस्थित विश्वसनीय, स्वच्छ, तथा पारदर्शी भई लगानीकर्तालाई लगानी विविधिकरणको क्षेत्र फराकिलो हुने देखिन्छ ।

# धितोपत्र बजारको स्थिति

चालु आ.व. २०७४।७५ को प्रथम छ महिनामा धितोपत्र बजारको अवस्था मिश्रित देखिएको छ । समीक्षा अवधिमा प्राथमिक बजार उत्साहजनक वृद्धि भएकोमा दोस्रो बजारतर्फ भने अधिकांश परिसूचकमा केही संकुचन आएको छ । यस अवधिमा बोर्डले कुल ४७ संगठित संस्थाहरुले रु. ३० अर्ब ९० करोड बराबरको धितोपत्र सार्वजनिक निष्काशनका लागि अनुमति प्रदान गरेको छ । विगतमा जस्तै यस अवधिमा पनि हकप्रद निष्काशनको मात्रा अधिक देखिएको छ । गत आ.व.को प्रथम छ महिनामा ३० सूचिकृत कम्पनीले रु. १३ अर्ब बराबरको हकप्रद सेयर निष्काशनको अनुमति लिएकोमा चालु आ.व. को सोही अवधिमा उक्त रकममा ३५.७ प्रतिशतले वृद्धि आई कुल रु. १७ अर्ब ५० करोड बराबरको निष्काशन अनुमति प्राप्त गरेका छन् ।

समीक्षा अवधिमा ९ संगठित संस्थाले कुल रु. २ अर्ब ९० करोड बराबरको साधारण सेयर निष्काशन अनुमति प्राप्त गरेका छन् जुन अघिल्लो अवधिको तुलनामा २२२.२ प्रतिशतको वृद्धि हो । समीक्षा अवधिमा साञ्जेन जलविद्युत कम्पनी लि. र रसुवागढी जलविद्युत कम्पनी लि.ले २ अर्व ५२ करोड रुपैयाँको साधारण सेयर निष्काशन अनुमनि प्राप्त गरेकोले साधारण सेयर निष्काशनको संख्यामा भारी बृद्धि देखिएको छ । चालु अवधिमा साधारण सेयरको थप निष्काशनमा कमी आएतापनि म्युचुअल फण्डको योजना निष्काशनमा वृद्धि आएको छ । चालु आ.व. को प्रथम छ महिनामा ४ सामूहिक लगानी योजनाले कुल रु. ४ अर्ब ८० करोड बराबरको यूनिट जारी गरेका छन् । गत आ.व. को सोही अवधिमा तीन सामूहिक लगानी योजनाले कुल रु. ३ अर्बको मात्र यूनिट जारी गरेका थिए । विगत दुई वर्षमा ऋणपत्र निष्काशन शून्य अवस्थामा रहेकोमा समीक्षा अवधिमा एक वाणिज्य बैंकले रु. ३ अर्ब बराबरको ऋणपत्र निष्काशन गरेको छ ।

**तालिका १**
**धितोपत्रको प्राथमिक बजार**
**(चालु आ.व. २०७४।७५ को प्रथम ६ महिनामा आधारित)**

| क्र स | विवरण | आर्थिक वर्ष (रकम रु. अर्बमा) | | | | | | परिवर्तन प्रतिशत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७२/७३ | | २०७३/७४ | | २०७४/७५ | | संख्याको आधारमा | | रकमको आधारमा | |
| | | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | २०७३/७४ | २०७४/७५ | २०७३/७४ | २०७४/७५ |
| १ | प्राथमिक निष्काशन | ४ | २.२ | ८ | ०.९ | ९ | २.९ | १००.० | १२.५ | -५९.१ | २२२.२ |
| २ | हकप्रद निष्काशन | १८ | ३.३ | ३० | १३.० | ३० | १७.५ | ६६.७ | ०.० | २९०.९ | ३५.७ |
| ३ | थप निष्काशन | २ | ०.४ | २ | ४.५ | ३ | २.७ | ०.० | ५०.० | १०२५.० | -४०.० |
| ४ | ऋणपत्र | - | - | - | - | १ | ३.० | - | - | - | - |
| ५ | म्युचुअल फण्ड | ० | ०.० | ३ | ३.० | ४ | ४.८ | ०.० | ३३.३ | ०.० | ६०.० |
| | **जम्मा** | २४ | ५.९ | ४३ | २१.३ | ४७ | ३०.९ | ७९.२ | ९.३ | २६१.० | ४५.१ |

स्रोत: नेपाल धितोपत्र बोर्ड ।

आ.व. २०७३।७४ को प्रथम छ महिनामा उत्साहजनक देखिएको धितोपत्रको दोस्रो बजार चालु आ.व.को सोही समयावधिमा भने केही गिरावट आएको छ । समीक्षा अवधिमा पाँच नयाँ कम्पनी नेप्सेमा सूचिकरण भई थप नयाँ कम्पनीहरु धितोपत्र बजारमा प्रवेश गर्ने क्रम बढेपनि बैंक तथा वित्तीय संस्थाको मर्जर तथा एक्विजिशनका कारण सूचिकृत कम्पनीको संख्यामा १२.३ प्रतिशतले कमी आएको छ । हकप्रद सेयर र बोनस सेयरको संख्यामा भारी बृद्धिसँगै कुल सूचिकृत धितोपत्रको संख्यामा भने ३५.२ प्रतिशतले वृद्धि भएको छ । गत आ.व.को तुलनामा चालु आ.व.को प्रथम छ महिनामा धितोपत्रको कारोबारमा ३७ प्रतिशतले कमी आई कुल रु. ७२.४ अर्ब बराबरको धितोपत्र कारोबार भएको छ । गत वर्षको सोही समयावधिमा कुल रु. ११५.० अर्व बराबरको धितोपत्र कारोबार भएको थियो । समीक्षा अवधिमा धितोपत्रको दोस्रो बजारको गतिलाई मापन गर्ने नेप्से सूचकांकमा ३.३ प्रतिशतले कमी आई उक्त सूचकांक १४३१.१० बिन्दु कायम भएको छ जुन गत वर्षको सोही अवधिमा १४७९.८६ बिन्दुमा रहेको थियो । चालु आ.व.को प्रथम छ महिनामा नेप्से सूचकांकमा केही गिरावट आएपनि धितोपत्रको संख्यामा भएको करिव ३५ प्रतिशतको बृद्धिले कुल बजार पुँजीकरणमा ०.७ प्रतिशतको सिमान्त बृद्धि भई उक्त पुँजीकरण रु.१६७१.६ अर्ब कायम भएको छ, जुन गत वर्षको सोही अवधिमा रु. १६६०.३ अर्व रहेको थियो । समीक्षा अवधिको फ्लोट बजार पुँजीकरणमा भने १.४ प्रतिशतले कमी आएको छ । साथै, कुल गार्हस्थ उत्पादनमा बजार पुँजीकरण र फ्लोट बजार पुँजीकरणको प्रतिशत क्रमश ६४.३ प्रतिशत र २१.६ प्रतिशत रहेको छ ।

## तालिका २
## धितोपत्रको दोस्रो बजार
### (चालु आ.व. २०७४।७५ को प्रथम ६ महिनामा आधारित)

| क्रस | विवरण | आर्थिक वर्ष | | | परिवर्तन प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७३/७४ | २०७४/७५ |
| १ | सूचिकत कम्पनीको संख्या | २३० | २१९ | १९२ | -४.८ | -१२.३ |
| २ | कुल सूचिकृत धितोपत्रको संख्या (करोडमा) | १९१.९ | २४९.४ | ३३७.३ | २९.९ | ३५.३ |
| ३ | धितोपत्रको कारोबार (रु. अर्बमा) | ५०.० | ११५.० | ७२.४ | १३०.० | -३७.० |
| ४ | कारोबार दिन | ११३ | ११३ | ११३ | ०.०० | ०.०० |
| ५ | औसत दैनिक कारोबार रकम (रु. करोडमा) | ४४.३ | १०१.८ | ६४.१ | १२९.८ | -३७.० |
| ६ | कारोबार भएको कूल सेयर संख्या (करोडमा) | ९.७ | १९.२ | १६.६ | ९७.९ | -१३.५ |
| ७ | कारोबार संख्या | ३३७,८८७ | ६३१,४४६ | ७०४,०४१ | ८६.९ | ११.५ |
| ८ | सूचिकृत धितोपत्रको बजार पुँजीकरण (रु.अर्बमा) | १२८२.९ | १६६०.३ | १६७१.६ | २९.४२ | ०.६८ |
| ९ | फ्लोट बजार पुँजीकरण (रु.अर्बमा) | ४१६.० | ५६९.२ | ५६१.५ | ३६.८ | -१.४ |
| १० | बजार पुँजीकरणमा कारोबारको प्रतिशत | ७.८ | १३.९ | ८.७ | ७८.२ | -३७.४ |
| ११ | कुल ग्राहस्थ उत्पादनमा बजार पुँजीकरणको प्रतिशत | ६०.२ | ७३.८७ | ६४.३ | -२२.८ | -१३.० |
| १२ | कुल ग्राहस्थ उत्पादनमा फ्लोट बजार पुँजीकरणको प्रतिशत | १९.५ | २५.३ | २१.६ | २९.७ | -१४.६ |
| १३ | नेप्से सुचकांक | ११९०.१६ | १४७९.८६ | १४३१.१० | २४.३ | -३.२९ |
| १४ | नेप्से सेन्सिटिभ सुचकांक | २५५.८३ | ३१९.९६ | ३०२.२० | २५.१ | -५.६ |
| १५ | नेप्से फ्लोट सुचकांक | ८५.०४ | ११०.०९ | १०२.८६ | २९.५ | -६.६ |

स्रोत: नेपाल स्टक एक्सचेन्ज लि.।

# धितोपत्र बजारमा भएका सुधार तथा विकासहरू

## मर्चेन्ट बैंकरको कार्यलाई थप व्यवस्थित गरिएको (२०७४।०८।०३)

बोर्डले धितोपत्रको निष्काशन तथा बिक्री प्रबन्ध र धितोपत्रको प्रत्याभूतिको कार्य गर्ने मर्चेन्ट बैंकरको कार्यलाई थप व्यवस्थित गरेको छ । मिति २०७४।०८।०३ मा बोर्डले मर्चेन्ट बैंकरलाई एक परिपत्र जारी गर्दै धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) ले आफू आधारभूत सेयरधनी रहेको तथा आफ्नो मुख्य कम्पनीको धितोपत्रको सार्वजनिक निष्काशन तथा बिक्री प्रबन्ध सम्बन्धी कार्य गर्दा र धितोपत्रको प्रत्याभूति गर्दा स्वार्थ बाझिन सक्ने अवस्थालाई दृष्टिगत गरी मर्चेन्ट बैंकिङ्ग व्यवसायलाई स्वच्छ, स्वतन्त्र तथा पारदर्शी बनाउन देहाय अनुसारको व्यवस्था गरेको छ ।

१) निष्काशन तथा बिक्री प्रबन्धकले आफू आधारभूत सेयरधनी रहेको कम्पनीको धितोपत्रको निष्काशन तथा बिक्री प्रबन्ध सम्बन्धी कार्य नगर्ने ।

२) निष्काशन तथा बिक्री प्रबन्धकले आफ्नो मुख्य कम्पनीको निष्काशन तथा बिक्री प्रबन्ध सम्बन्धी कार्य नगर्ने ।

३) निष्काशन तथा बिक्री प्रबन्धकले आफुले निष्काशन तथा बिक्री प्रवन्धकको कार्य गरेको धितोपत्रको सार्वजनिक निष्काशनमा धितोपत्रको प्रत्याभूति नगर्ने ।

## वित्तीय स्थिति सन्तोषजनक नरहेका संगठित संस्थाको सार्वजनिक निष्काशनका सम्बन्धमा थप व्यवस्था (२०७४।०९।१६)

बोर्डले वित्तीय अवस्था सन्तोषजनक नरहेको संगठित संस्थाले धितोपत्रको सार्वजनिक निष्काशन गर्दा विवरण पत्रमा थप विवरण खुलाउनुपर्ने व्यवस्था गरेको छ । धितोपत्रमा लगानी गर्ने लगानीकर्ताको हित संरक्षणका लागि धितोपत्रको सार्वजनिक निष्काशनका सम्बन्धमा लगानीकर्ताहरुलाई सुसुचित गराउनका साथै सार्वजनिक निष्काशन प्रकृयालाई थप व्यवस्थित तथा पारदर्शी बनाउनका लागि उक्त व्यवस्था गरिएको हो यस व्यवस्था अर्न्तगत संगठित संस्थाको पछिल्लो लेखापरिक्षण भएको वित्तीय विवरण बमोजिम प्रति सेयर खुद सम्पत्ति प्रति सेयर अङ्कित मूल्य भन्दा कम भएका र सबैभन्दा न्यून रेटिङ्ग प्राप्त गरेका र वित्तीय अवस्था सन्तोषजनक नरहेका मुख्यत: जलविद्युत कम्पनीहरुले धितोपत्रको सार्वजनिक निष्काशन गर्दा देहाय बमोजिमको विवरणहरु खुलाउनुपर्ने थप व्यवस्था गरी सो अनुसारको व्यवस्था गर्न गराउन बोर्डले सम्पूर्ण निष्काशन तथा बिक्री प्रबन्धकहरुलाई मिति २०७४।०९।१९ मा परिपत्र जारी गरेको छ ।

### सार्वजनिक निष्काशनमा जाने संगिठत संस्थाहरूले प्रस्तुत गर्ने विवरणपत्रमा गरिएका थप व्यवस्थाहरू:

१) सार्वजनिक निष्काशनका लागि तयार गरिने विवरणपत्रको मुखपृष्ठमा स्पष्ट देखिने गरी देहाय बमोजिमको विवरणहरु बक्समा प्रस्तुत गर्ने ।

- सञ्चालन अवधि तीन वर्ष व्यतित भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिभरको लेखापरीक्षण भएको वित्तीय विवरण बमोजिम प्रति सेयर खुद सम्पत्ति, प्रति सेयर आम्दानी ।

- जलविद्युत आयोजना भएमा प्रति मेगावाट लागत, विद्युत उत्पादन अनुमतिको बाँकी अवधि, लगानी फिर्ता हुने अवधि (Pay Back Period) ।
- क्रेडिट रेटिङ्गको ग्रेड ।

२) प्रक्षेपित वित्तीय विवरण प्रमाणित गर्दा निष्काशनकर्ता संस्थाको लेखापरीक्षकले प्रक्षेपित वित्तीय विवरण ठिक रहेको भनी स्पष्ट रुपमा प्रमाणित गर्ने ।

३) संगठित संस्थाले विवरण पत्रमा प्रक्षेपण गरेको विवरणहरु तथा वास्तविक विवरण तुलनात्मक रुपमा बार्षिक प्रतिवेदनमा तालिकामा प्रस्तुत गर्नुपर्ने । साथै प्रक्षेपित विवरण भन्दा वास्तविक विवरण फरक पर्न गएमा सोको कारण खुलाई आफ्नो बार्षिक प्रतिवेदनमा प्रक्षेपित अवधिसम्म प्रत्येक बर्ष प्रस्तुत गर्नुपर्ने ।

४) धितोपत्रको सार्वजनिक निष्काशनका लागि तयार गरिने विवरणपत्र निष्काशनकर्ता कम्पनीको वेबसाइटमा कम्तिमा वित्तीय विवरण प्रक्षेपण गरिएको अवधिसम्म अनिवार्यरुपमा राख्नुपर्ने, निष्काशन तथा विक्री प्रबन्धकको वेबसाइटमा धितोपत्रको बाँडफाँट नभएसम्म राख्नुपर्ने र आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाको अनलाइन आवेदन गर्ने स्थानमा विवरणपत्रको लिङ्क निष्काशन अवधिसम्म राख्ने ।

५) सर्वसाधारण लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरण पत्र अध्ययन गरी आफ्नो स्वविवेकले दरखास्त दिएको हो भन्ने उद्घोषण गराउने व्यवस्था गर्ने ।

६) क्रेडिट रेटिङ्ग कम्पनीले सार्वजनिक निष्काशन गर्ने धितोपत्रलाई न्यून ग्रेड प्रदान गरेमा र सङ्गठित संस्थाको पछिल्लो लेखापरिक्षण भएको वित्तीय विवरण बमोजिम प्रति सेयर खुद सम्पत्ति प्रति सेयर अङ्कित मूल्यभन्दा कम भएमा त्यस सम्बन्धी विवरण निष्काशनकर्ता कम्पनीले सार्वजनिक निष्काशनको लागि प्रकाशन गर्ने आह्वानपत्र लगायत अन्य सूचनाहरुमा स्पष्ट देखिने गरी ठूलो अक्षरमा उल्लेख गर्नुपर्ने ।

## सूचिकृत संगठित संस्थालाई सजग गराइएको (२०७४।०९।१८)

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (५) बमोजिम धितोपत्रको बजार मूल्यमा असर पार्न सक्ने सूचना तीन दिन भित्र यस बोर्डमा पेश गर्नुपर्नेमा नेपाल टेलिकम (नेपाल दूरसञ्चार कम्पनी लि.) ले आ.व. २०७३।०७४ को लाभांस वितरण सम्बन्धी कम्पनीको संचालक समितिको निर्णय बोर्डमा ढिलो पेश गरी नियमावलीको व्यवस्था पालना नगरेकोले मूल्य संवेदनशील सूचना प्रवाह गर्दा धितोपत्र सम्बन्धी ऐन, नियम तथा निर्देशिकामा भएको व्यवस्थाहरुको पूर्ण पालना गर्न ध्यानाकर्षण गराउँदै प्रथम पटकका लागि नेपाल दूरसञ्चार कं. लि. लाई मिति २०७४।०९।१८ मा सजग गराइएको छ । साथै, नेपाल दूरसञ्चार कं. लि.को दशौं साधारण सभाका लागि दाखिल खारेज मितिमा संशोधन भएको विषयमा तथा संगठित संस्थाहरुको मूल्य संवेदनशील सूचना प्रवाहका सम्बन्धमा नियमको पालना गर्नु/गराउनु नेप्सेको समेत दायित्व रहेकोले सो सम्बन्धमा बोर्डले नेप्सेसँग आवश्यक जानकारी माग गरेको छ ।

# छलफल तथा अर्न्तक्रिया

## बोर्ड तथा एनआरएन पदाधिकारी बीच छलफल (२०७४।०९।०४)



*बोर्ड तथा एनआरएन पदाधिकारी बीच छलफल कार्यक्रमको एक झलक*

गैर आवासीय नेपाल संघका नवनिर्वाचित पदाधिकारीहरु र बोर्ड अध्यक्ष डा. रेवत बहादुर कार्की बीच मिति २०७४।०९।०४ मा नेपालको धितोपत्र बजारमा लगानी गर्ने सम्बन्धमा बोर्ड परिसरमा छलफल भयो । बोर्डका उच्च पदाधिकारीहरुको समेत सहभागिता रहेका उक्त छलफल कार्यक्रममा एनआरएनका नवनियुक्त अध्यक्ष भुवन भट्टले विदेशमा ठूलो संख्यामा छरिएर रहेका एनआरएनहरु नेपालको धितोपत्र बजारमा संस्थागत रुपमा लगानी गर्न इच्छुक रहेकोले सो को लागि बोर्डले आवश्यक नीतिगत व्यवस्था गरिदिन अनुरोध गर्नुभएको थियो । अध्यक्ष भट्टले एनआरएनको तर्फबाट शुरुवातमा रु. १० अर्ब लगानी गर्ने योजना रहेको जानकारी समेत दिनुभयो । उक्त छलफल कार्यक्रममा बोर्ड अध्यक्ष डा. कार्कीले धितोपत्र बजारमा पूर्ण स्वचालित कारोबार, सार्वजनिक निष्काशनमा स्वतन्त्र मूल्य निर्धारण, विदेशी संस्थाले स्वदेशी मुद्रामा ऋणपत्र जारी गर्न सक्ने लगायतका कानुनी व्यवस्था र बजार विस्तार तथा पहुँचमा वृद्धिजस्ता संरचनात्मक सुधारहरु निरन्तर रुपमा भैरहेको जानकारी दिँदै पछिल्लो समयमा धितोपत्र बजारमा लगानीका लागि बढी आकर्षित हुँदै गएको बताउनु भयो ।

छलफलको क्रममा डा. कार्कीले एनआरआनको प्रस्तावलाई सकरात्मक रुपमा लिदैं नेपालको धितोपत्र बजारमा एनआरएनलाई सहभागी गराउन आवश्यक नीतिगत व्यवस्था गर्न बोर्डले कार्य अगाडि बढाइसकेको समेत जानकारी दिनुभयो । डा. कार्कीले एनआरएनका लागि धितोपत्रको दोस्रो बजार खुला गर्ने सम्बन्धमा बोर्डका कार्यकारी निर्देशकको संयोजकत्वमा अर्थ मन्त्रालयका प्रतिनिधी तथा विज्ञ संलग्न समिति गठन भई अध्ययन भैरहेको साथै प्राथमिक बजारमा लगानी अवसर उपलब्ध गराउने सम्बन्धमा वैकल्पिक लगानी साधन सम्बन्धी नियमावलीको मस्यौदा कार्य भैरहेको बताउनुभयो । साथै, उहाँले बोर्डबाट एनआरएनले गरेका अपेक्षा तथा सुझाव समेत लिखित रुपमा पेश गर्न आग्रह गर्नुभयो । छलफलको अन्त्यमा डा. कार्कीले एनआरएनबाट प्राप्त सुझावको अध्ययन गरी आवश्यकता अनुरुप उपयुक्त कदम चाल्दै जाने बताउनुभयो । उक्त छलफल कार्यक्रममा एनआरएनका पूर्व अध्यक्ष जीवा लामिछानेको समेत सहभागिता रहेको थियो ।

---


प्रमुख सल्लाहकार
**डा. रेवत बहादुर कार्की, अध्यक्ष**

सल्लाहकार
**परिष्टनाथ पौड्याल, कार्यकारी निर्देशक**
**निरज गिरी, कार्यकारी निर्देशक**

सम्पादक
**डा. नवराज अधिकारी, निर्देशक**

सह सम्पादक
**रुपेश के.सी., उप निर्देशक**

सहायक सम्पादक
**रेवत श्रेष्ठ, अधिकृत**

प्रकाशक :

**नेपाल धितोपत्र बोर्ड**, पो.ब.नं. ९०३१, जावलाखेल, ललितपुर,फोनः ०१–५५४१०५७, ५०००२०१, ५०००१६२, फ्याक्सः०१– ५५४१०५८, टोल फ्रि हटलाइन नंः १६६०–०१–४४४३३, वेबसाइटः http://www.sebon.gov.np, इ–मेलः support@sebon.gov.np